नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा

पत्र संख्याः- ०७७/०७८
च.नं.: - शि.स्वास्थ्य. ४१२/ ६०३६

मितिः- २०७८/०३/१७

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

विषय : प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा सहयोग सम्बन्धी सूचना सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार।
श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सिंहदरवार।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार।
श्री उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरवार।

उपरोक्त विषयमा मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अन्वेषण, अनुसन्धान वा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने युवा, बालबालिका तथा अन्य व्यक्तिलाई यही २०७८ साल असोज १ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट पाँच/पाँच लाख रुपैंया राशीको प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा सहयोग प्रदान गर्ने प्रयोजनका लागि नामावली सङ्कलनको प्रक्रिया सुरु गरिएको छ । यसका लागि मिति २०७८।३।१७ गतेको गोरखा पत्र दैनिकमा र यस कार्यालयको वेवसाइट www.opmcm.gov.np मा सूचना प्रकाशित गरिएको हुँदा यसैसाथ संलग्न सूचना तहाँ मन्त्रालय अन्तरगतका सम्बन्धित निकायहरुमा जानकारी गराइदिनुहुन र त्यस मन्त्रालयको वेवसाइटमा समेत प्रकाशनका लागि आदेशानुसार अनुरोध छ।

(भवनाथ खतिवडा)
उपसचिव

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

Scanned with CamScanner

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा सहयोगका लागि आवेदन वा सिफारिस पेस गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः-** २०७८।०३।१७

मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अन्वेषण, अनुसन्धान वा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने युवा, बालबालिका तथा अन्य व्यक्तिलाई यही २०७८ साल असोज १ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट पाँच/पाँच लाख रुपैंया राशीको प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा सहयोग प्रदान गर्ने प्रयोजनका लागि नामावली सङ्कलनको प्रक्रिया सुरु गरिएको छ ।अतः प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वितरण मापदण्ड, २०७८ बमोजिम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र देहाय अनुसार आवेदन आह्वान गरिएको छः-

क) मापदण्डको अनुसूची–३ बमोजिम https://forms.gle/FoAMsHeM7P9ZptUV7 लिङ्क मा गई अनलाईन व्यक्तिगत आवेदन गर्न सकिने।

ख) मापदण्डको अनुसूची-४ बमोजिम नेपाल सरकार मातहतका निकाय, प्रदेश वा स्थानीय तह, विश्वविद्यालय, शिक्षण संस्था वा सार्वजनिक संस्थानले https://forms.gle/1vtG2vtBkAAJmrTm6 लिङ्कमा गई संस्थागत सिफारिश गर्न सकिने।

ग) अनलाईन आवेदन गर्न कठिनाई भएमा आवेदन फाराम स्क्यान गरी pmtalentaward@opmcm.gov.np ईमेल ठेगानामा पठाउन सकिने।

साथै, आवेदन फाराम, प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालनसम्बन्धी कार्यविधि,२०७८ र प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वितरण मापदण्ड, २०७८ यस कार्यालयको वेबसाइट www.opmcm.gov.np बाट डाउनलोड गर्न सकिने व्यहोरा सम्बान्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य जिज्ञासाका लागि देहायको ठेगानामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

### आवेदन पेश गर्ने र सम्पर्क ठेगाना

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा**
**सिंहदरबार, काठमाडौं**
**थप जानकारी तथा सम्पर्कका लागि**
फोनः- ०१५९७११२८
उपसचिव, भवनाथ खतिवडा र शाखा अधिकृत अश्विन कुमार पोखरेल
प्राविधिक सहयोगका लागि क. ईन्जिनियर श्री केदार मणि भण्डारी मोवाइल नं (९८४१००३५३१)